Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022

# काष्ठमण्डपभित्र रहेका प्रतिमाहरूको विवादबारे विश्लेषणात्मक अध्ययन

**जुनुमैयाँ बासुकला रञ्जितकार**
विभागीय प्रमुख
इतिहास तथा बौद्ध अध्ययन विभाग, पाटन संयुक्त क्याम्पस
Email: junu.basukala@pmc.tu.np

**लेखसार**

लिच्छविकालिक सत्तल काष्ठमण्डप २०७२ सालको महाभूकम्पका कारण पूर्ण रूपमा क्षति भएको थियो । उक्त सत्तललाई काठमाडौँ महानगरपालिकाको आर्थिक सहयोगमा काष्ठमण्डप पुनर्निर्माण समितिले गरेको पुननिर्माणको अन्तिम चरणतिर काष्ठमण्डपमा रहेका गोरखनाथ र चार गणेशका प्रतिमाहरू पुनस्थापना गरेपछि विवाद सृजना भएको छ । सम्पदाप्रेमीहरूले पुरानै मूर्ति राख्नुपर्ने अडान राखेको छ भने काष्ठमण्डप पुनर्निमाण समितिले खण्डित मूर्ति पूजा गर्न नहुने भएकोले नयाँ प्रतिमाहरू प्रतिस्थापन गरेको तर्क राख्ने गरेको पाइन्छ । यसरी विवाद सृजना भएर मूर्तिको विषयलाई लिएर सर्वोच्च अदालतमा रिटसमेत दायर भएको थियो । हालसम्म पनि सर्वोच्च अदालतले यस विषयमा निर्णय दिइसकेको अवस्था छैन । तर २०७२ सालको भूकम्प आउनुभन्दा अगाडिसम्म काष्ठमण्डपमा १७ वटा हिन्दू र बौद्ध प्रतिमाहरू तथा ९ वटा ताम्रप्रत्रहरू भएकोमा गोरखनाथ र चार गणेशका हनूमान्ढोका हेरचाह अड्डामा संरक्षित छ भने एउटा हाथु द्यः हनूमानढोकाकै संग्रहालयमा प्रदर्शनमा राखिएको छ । गोरखनाथ र चार गणेशको मात्र विवाद सृजना गराइएको छ तर अरु हराएका १२ वटा हिन्दू र बौद्ध प्रतिमा तथा ताम्रपत्रहरूका विषयमा भने सम्पदाप्रेमीहरूलाई जानकारी नहुँदा ती प्रतिमाहरू र ताम्रपत्रहरूमा मौन छन् । शास्त्रहरूमा खण्डित मूर्तिहरूमा पूजा गर्दा विभिन्न दोष हुने र परम्परा अनुसार पुरानो मूर्ति हुँदा हुँदै नयाँ मूर्तिहरू पुनस्थापना गर्ने ज्ञान नहुँदा काष्ठमण्डपमा ५ वटा नयाँ प्रतिमाहरू पुनस्थापना गरे पछि विवाद भएको देखिन्छ । पुरातत्त्व विभाग, काष्ठमण्डप पुनर्निमाण समिति र सम्पदाप्रेमीहरूको बीचमा पनि कमजोरी देखिएको छ ।

**शब्द कुञ्जिका :** काष्ठमण्डप, मरुसतः, गोरखनाथ, गणेश, मण्डप ।

## परिचय

काठमाडौँ महानगरपालिका वडा नं. २० मरुटोलस्थित ऐतिहासिक सम्पदा काष्ठमण्डप वि.सं. २०७२ साल बैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दू भएर ७.८ म्याग्निच्यूडको भूकम्प गएर पूर्ण रूपमा भत्किएको थियो । त्यस भूकम्पबाट १२ जना मानिसहरूको दुःखद् निधन हुनुका साथै थुप्रै व्यक्तिहरू घाइते भएका थिए । भूकम्पपश्चात् शुरूका दिनहरूमा स्थानीय युवाहरूले एक एक गरी ईट्टा एक अर्कोलाई दिई निकाल्ने काम गरेका थिए । सो दृश्य देखेपछि यस आलेखका पंक्तिकार पनि सो कार्यमा सहभागी भएको थियो । एक दुई घण्टापछि रेश्क्यु गर्न एक जर्मनी टोली आइपुग्यो । २०–२५ जनाको संख्यामा रहेका युवा समूहले ईट्टाहरू निकालिरहेको देखेर त्यहाँ भएका सबैलाई यो काम कहिले सकिन्छ भनेर सबैलाई रोके । त्यसपछि ती रेश्क्यू गर्न आएको टोलीले तालिमप्राप्त कुकुरमार्फत् निरीक्षण गर्यो । स्थानीय युवालाई ईट्टा ओसार्ने काम गर्न दिइएन । लगत्तै मानिस पुरिएको हुनसक्ने अनुमान गरेर डोजर चलाइयो । डोजरले उठाउने क्रममा विगतमा १७ वटा बौद्ध र हिन्दू देवताका प्रतिमाहरू र ताम्रपत्रहरू भएकोमा गोरखनाथ मूर्ति लगायत चार गणेश मूर्ति बाहेक अन्य मूतिहरु धूलो वा ईट्टाका टुक्रासँग मिसिन गएको देखिन्छ । यसरी २०७२ सालको भूकम्पले तहस–नहस भएपछि काष्ठमण्डपमा रहेका विभिन्न पुरातात्विक प्रतिमा र वस्तुहरू हराएको पाइन्छ । त्यसपछि गोरखनाथ मूर्ति लगायत चार गणेशका मूर्तिहरू हनूमान्ढोका राजदरबारभित्र सुरक्षित गरियो । जुन

हालसम्म पनि त्यहीँ संरक्षित छन् । काठमाडौँ महानगरपालिकाको सहयोगमा स्थानीय क्षेत्रबाटै निर्वाचित बागमती प्रदेशका सभासद राजेश शाक्यको अध्यक्षतामा काष्ठमण्डप पुनर्निर्माण समिति गठन गरेर वि.सं. २०७८ सालमा पुनर्निर्माण सम्पन्न गरियो । पुनर्निर्माणका क्रममा उक्त समितिले गोरखनाथ लगायत चार गणेशका प्रतिमाहरू नयाँ बनाएर स्थापना गरियो । ती मूर्तिहरूका विषयमा केही स्थानीयले विरोध गर्नुका साथै अदालतमा समेत मुद्दा दर्ता गरियो । यसरी मूर्तिहरू विषयमा विवाद भई अदालतसम्म मुद्दा दर्ता भएको विषयमा विश्लेषणात्मक अध्ययन गर्ने यस लेखको मुख्य उद्देश्य रहेको छ ।

**समस्या तथा उद्देश्यहरू :**

काष्ठमण्डपमा स्थापना गरिएका गोरखनाथ र चार गणेशका प्रतिमाहरूका विषयमा विवाद भएको छ । काष्ठमण्डप पुनर्निर्माण समितिले ती पुराना मूर्तिहरूका सट्टा नयाँ मूर्तिहरू स्थापना गर्ने र केही स्थानीय युवाहरूले पुरानै मूर्तिहरू स्थापना गर्नु पर्छ भन्ने अडान राखे । ती मूर्तिहरूको नयाँ प्रतिस्थापन गर्नको लागि समितिले स्थानीयसँग सहमति लिएको नलिएको भन्ने कुनै धारणाहरू आएको छैन । स्थानीयले विरोध गरेको कारण शास्त्रीय पद्दति र व्यवहारिक परम्पराअनुसार तर्क दिएको ठीक छ वा छैन भनेर कसैले अध्ययन अनुसन्धान गरेको पाइएन । काष्ठमण्डप पुनर्निर्माणको अन्तिम समयतिर नयाँ प्रतिमाहरू स्थापना भैसकेपछि एक्कासी विवाद हुनुको कारण जान्न सकिएको छैन । विवाद भए पछि केही स्थानीय चासो राख्नेहरूले अदालतमा कुन कुन प्रमाणहरू पेश गरेर मुद्दा दर्ता गरेका हो, सो बारे पनि अनभिज्ञ छन् । त्यसैले यस लेखको मुख्य उद्देश्य कुनै पनि मूर्ति क्षत् विक्षत् वा टुटे फुटेमा शास्त्रीय परम्परा र व्यवहारिक परम्पराहरूसँग सम्बन्धित विधि र काष्ठमण्डपका पुराना प्रतिमाहरूका सट्टा नयाँ मूर्ति स्थापना गर्नु जस्ता विषयमा विवाद हुनुका कारणहरूलाई लिएर विश्लेषणात्मक अनुसन्धान गर्नु रहेको छ ।

**अनुसन्धान विधि :**

यस लेखमा ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । प्राथमिक स्रोत र द्वितीय स्रोत दुबैलाई उपयोग गरिएको छ । प्राथमिक स्रोतमा नयाँ मूर्तिहरू स्थापना गर्ने पक्षका आधिकारिक व्यक्तिहरूसँग अनौपचारिक प्रश्नावलीको प्रयोग गरेर सूचनाहरू संकलन गरिएको छ । संस्कृत भाषामा लेखिएका मूल ग्रन्थहरू र संस्कृतका मूल ग्रन्थबाट अनुवाद गरिएका ग्रन्थहरूका आधारमा पनि सूचनाहरू संकलन गरी प्राप्त तथ्यहरू यसमा समावेश गरिएको छ । त्यस्तै द्वितीय स्रोतका रूपमा विभिन्न पुस्तक तथा लेखहरूबाट केही सूचनाहरू पनि संकलन गरिएको छ ।

**पृष्ठभूमि :**

काष्ठमण्डप काष्ठमण्डप र मरुसतः दुबै नामबाट प्रसिद्ध छ । काष्ठमण्डप संस्कृत शब्द हो भने मरुसतः नेपालभाषाको शब्द हो । काष्ठमण्डप काष्ठ र मण्डप दुई शब्द मिलेर बनेको हो । काष्ठ भनेको संस्कृतमा काठ हो । संस्कृत शब्दकोषअनुसार मण्डप भन्नाले खुल्ला कोठा हो; जहाँ कुनै कम समयका लागि विशेष कार्यक्रम गरिन्छ ।[1] काष्ठमण्डप एक सत्तल हो । नेपालीमा सत्तल र नेवारीमा सतः संस्कृत शब्द सत्त्रंबाट आएको हो ।[2] संस्कृत शब्द सत्त्रं भन्नाले भिक्षालय हो ।[3] सत्तल भन्नाले यात्रीहरू बस्ने वासस्थान वा साधु र सन्तहरू केही लामो समयसम्म बिना भाडा बस्ने वासस्थान हो । सत्तल शहरको वासिन्दाको छलफल गर्ने खुल्ला कोठा, सार्वजनिक रूपमा तौल गर्ने स्थल र सामान किनबेच गर्ने थलो पनि हो ।[4] सत्तल तीन किसिमका दुइतले पाटी शैली, मण्डप शैली र नेवार घर शैलीका छन् ।[5] काष्ठमण्डप मण्डप सत्तल हो । मण्डप सत्तल दुइ वा तीन तल्लाको हुन्छ तर बन्द

---

[1]वामन शिवराम आप्टे, *संस्कृत हिन्दी कोश*, द्वितीय संस्करण, दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स, ईश्वी २००७ ।

[2]Mary Shepherd Slusser. *Nepal Mandala A Cultural Study of the Kathmandu Valley*. Kathmandu: Mandala Book Point. 1998. p 146.

[3]VamanShivaramApte. *The Practical Sanskrit-English Dictionary*. Delhi: MotilalBanarsidas Publishers. 2004 (1964).

[4]स्लुस्सर, पूर्ववत् पादटिप्पणी नं. २, पृ. १४६ ।

[5]Wolfgang Korn. *The Traditional Architecture of the Kathmandu Valley*. Kathmandu: RatnaPustakBhadar. 1998. p. 47.

कोठा भएको मन्दिरभन्दा फरक छ, जुन साधु सन्तहरूको लामो समयदेखि मन्दिरको रूपमा रहेको हुन्छ । त्यसकारण सत्तल आधी मन्दिर र आधी खुल्ला कोठा पनि हो । काष्ठमण्डप तीन तल्ला भएको, खुल्ला कोठा भएको, लामो समयदेखि गोरखनाथ देवता स्थापना गरेर कपालीहरूको वासस्थान, मन्दिरहरूमा जस्तो भुँइ तल्लामा देवता स्थापना र माथिल्लो दुई तल्लामा खाली रहेको, शहरको वासिन्दाको छलफल गर्ने खुल्ला कोठा, सार्वजनिक रूपमा तौल गर्ने स्थल र सामान किनबेच गर्ने थलो भएको मण्डप सत्तल हो भन्न सकिन्छ । काष्ठमण्डप सत्तलमा १२ औँ शताब्दीको मध्यतिरदेखि नै व्यापारिक केन्द्र थियो । जुन सत्तल व्यापारिक केन्द्र, बस्ने ठाउँ र मन्दिरसहितको सत्तल हो ।[6]

लिच्छविकालमा माथिल्लो टोल यम्बुलाई कोलि र तल्लो टोल लगनलाई दक्षिणकोलिग्राम भनिन्थ्यो । यी नामहरू ठकुरीहरूले शासन गरेको समयसम्म पनि लिखित रूपमा पाइएको थियो । ई.सं. १०५४ को ग्रन्थमा यम्बु र ई. सं. १०६९ को ग्रन्थमा यंगाल शब्द उल्लेख छन् । त्यसपछि पनि यी दुइ स्थानका नामहरू १८ औँ शताब्दीको उत्तराद्र्धसम्मका ग्रन्थहरूमा उल्लेख छन् । १२ औँ शताब्दीदेखि दक्षिणकोलिग्राम यंगाललाई काष्ठमण्डप सत्तलको नामबाट काष्ठमण्डप नाम रहेको विभिन्न स्रोतहरूबाट प्रमाणित भैसकेका छन् । हालसम्म प्राप्त प्रमाणअनुसार सबैभन्दा पुरानो ग्रन्थ राष्ट्रिय अभिलेखालयमा रहेको नीलपत्रमा सुनको मसीले रञ्जना लिपिमा लेखिएको कारण्डव्यूह ग्रन्थको पुष्पिका वाक्यमा काष्ठमण्डप महानगर उल्लेख छ । सो ग्रन्थमा राजा सिंहदेवको नाम आएको तर मिति नभए पनि राजा सिंहदेवले ने.सं. २३० (वि.सं. ११६७) देखि ने.सं. २४२ (वि.सं. ११८५) सम्म राज्य[7] गरेकाले यस समयमा काष्ठमण्डपको नामबाट नगरको नाम स्थापित भैसकेको प्रमाणित गर्दछ । त्यसपछिका हस्तलिखित ग्रन्थहरूमा काष्ठमण्डप शब्द प्रयोग भएका धेरै ग्रन्थहरू भएको इतिहास प्रमाणप्रमेयमा प्रकाशित भएको छ ।[8] काष्ठमण्डप सत्तलमा रहेका ताम्रपत्रहरू लगायत काष्ठमण्डपबाट दक्षिण भेगका शिलालेखहरूमा यस समय अर्थात् उत्तर मध्यकालदेखि राणाकालसम्मका शिलालेखहरूमा ती स्थानहरूलाई काष्ठमण्डप नगर नै उल्लेख गरिएका छन् । ती शिलालेखहरूका आधारमा पनि दक्षिणकोलिग्रामलाई काष्ठमण्डप नगर भन्ने गरेको प्रमाणित हुन्छ ।

१७ औँ शताब्दीमा काष्ठमण्डपबाट काठमाडौँ नाम रहन गएको हो । पृथ्वीनारायण शाहले यस उपत्यका विजय गरेपछि शहरको नाम कोलिग्राम वा यम्बुको नाम कान्तिपुर र दक्षिण कोलिग्राम वा यंगालको नाम काष्ठमण्डप दुबैलाई लिएर कान्तिपुर र काष्ठमण्डप भन्न थालियो । पछि काष्ठमण्डपबाट काठमाण्डु हुँदै काठमाडौँ नाम रह्यो । हाल लिच्छविकालको दक्षिण कोलिग्राम काष्ठमण्डप सत्तलको नामबाट काष्ठमण्डप, काष्ठमण्डपबाट काठमाडौँ हुँदै हाल लिच्छविकालको दक्षिण कोलिग्रामलाई मात्र काठमाडौँ नभनी बाग्मती र विष्णुमती बीचको ठूलो क्षेत्रफललाई नै काठमाडौँ शहर भनियो । यसरी काष्ठमण्डप सत्तलबाट काठमाडौँ शहरको नामकरण हुन पुग्यो ।

काष्ठमण्डपमा काष्ठ, मृतिका र प्रस्तरका गोरखनाथ, शिवपार्वती, गणेश, भैरव, महाकाल, तारा, सरस्वती, नृत्येश्वर, शाक्यमुनि, बुद्ध आदिका प्रतिमाहरू एकै ठाउँमा भएकाले नेपाली संस्कृतिको एकतापूर्ण आध्यात्मिक परम्पराको अद्भूत उदाहरण भएको छ ।[9] २०२२ सालको जीर्णोद्वारपछि काष्ठमण्डपमा यत्रतत्र फालिएका मूर्तिहरूको संग्रह गरेर संग्रहालय खडा गरेको रमेश जंग थापाले उल्लेख गरेका छन् ।[10] उनका अनुसार ने.सं. ५८५ को राजा यक्ष मल्लको पालाको ताम्रपत्रमा ॐ श्री गोरखनाथलाई नमस्कार कुँदिएकाले गोरखनाथको मूर्ति पूर्व मध्यकालको, १५ औँ शताब्दीको काठको भैरब, १६ औँ शताब्दीको काठको

---

[6]स्लुस्सर, पूर्ववत् पादटिप्पणी नं. २, पृ. १४६ ।

[7]महेशराजपन्त, 'काष्ठमण्डपसँगलीलावज्रको सम्बन्ध छ त, पृ. ९४-९७', *जनैपूर्णिमादेखि रानीपोखरीसम्म,* काठमाडौँ: खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान, वि.सं. २०७४, पृ. ९६-९७ ।

[8]धनवज्र वज्राचार्य रअरुहरु (सं), *इतिहास-संशोधनको प्रमाण-प्रमेय,* पहिलो भाग, पृ. ११०-११५ ।

[9]रमेश जंग थापा, 'काष्ठमण्डप, पृ. ३३—३६', *प्राचीन नेपाल*, अङ्क ३, संख्या ८, पृ. ३३ ।

[10]उही पृ. ३५ ।

भैरब, १७ औं शताब्दीका कार्यविनायक, रक्तविनायक, सूर्यविनायक र जलविनायक, १८ औं शताब्दीका दुई हाथुद्यः र अमोघपाशलोकेश्वर, १९ औं शताब्दीका शिव, गणेश र सरस्वती तथा शाहकालका महाकाल, शिवपार्वती, आर्यतारा र विष्णुका गरेर १७ वटा प्रतिमाहरूको उल्लेख गरेका छन् ।[11] त्यस्तै थापाकै अनुसार काष्ठमण्डपमा ने. सं. ४५४, ४९९, ५४३, ५८५, ६०५, ६३२, ६३७, ८६२ र ९०२ का ताम्रपत्रहरू पनि छन् ।[12] यसरी काष्ठमण्डपमा महत्वपूर्ण पुरातात्त्विक वस्तुहरूमा प्रतिमाहरू र ताम्रपत्रहरू भएको देखाउँदछ ।

**काष्ठमण्डपको पुनर्निर्माण :**

२०७२ सालको महाभूकम्पले काष्ठमण्डप पूर्ण क्षति भैसकेपछि पुनर्निर्माणका लागि सम्पदाप्रेमी स्थानीय जनताले सरकारलाई ध्यानाकर्षण गराउन काष्ठमण्डप पुनर्निमाण अभियान गठन गरे । अभियानले विभिन्न इतिहासकार, पुरातत्वविद् तथा संस्कृतिविद्हरूलाई पटक पटक भेला गरेर अन्तर्क्रिया, विचार गोष्ठी र कार्यपत्रहरू प्रस्तुति गर्न लगाइयो । सरकारी निकायहरूसँग पनि वार्तालाप गरियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सोही अभियानलाई नै पुनर्निर्माण गर्न जिम्मा दिँदै सम्झौता पनि गर्यो ।[13] २०७३ सालमा काष्ठमण्डपको जग र बनावट उत्खनन् गर्न र पुनर्निर्माणका लागि नेपालको पुरातत्त्व विभाग र संयुक्त अधिराज्य बेलायतको दुरहम विश्वविद्यालयबीच एउटा सम्झौता भयो । सो सम्झौताअनुसार वि. सं. २०७३ पौष ९ गते पुरातत्त्व विभाग र दुरेहम विश्वविद्यिालयले संयुक्त रूपमा काष्ठमण्डपको पहिलो पटक उत्खनन् गरेको थियो । शुरूमा उत्खनन् पूर्व–पश्चिममा ४ मी. र उत्तर–दक्षिणमा ५ मी. खनेको थियो । पछि खन्दै गएपछि उत्तर–दक्षिणमा १३.९ मी. र पूर्व–पश्चिम १०.३५ मी.सम्म खनियो । यसरी खन्दै जाँदा जगमा भेट्टिएको ईँट्टा सातौँ शताब्दीको भएको र २०० वर्षभित्र पुनः निर्माण गरिएको पाइयो । सो ठाउँ दोस्रो शताब्दीदेखि नै मानव गतिविधिको अवशेष पनि पाइएको थियो ।[14]उक्त उत्खनन्बाट काष्ठमण्डपको स्थापना सातौँ शताब्दीमा निर्माण भएको प्रमाणित गरेको छ । सातौँ शताब्दीमा नेपालको भ्रमण गर्ने चीनियाँ यात्री वाङ हुयेन सेले आफ्नो यात्रा विवरणमा काठमाडौँका घरहरू काठैकाठले बनेका छन्[15] भन्ने उल्लेख हुनुले काष्ठमण्डप पनि काठैकाठले बनेकोले हालै उत्खनन्बाट सातौँ शताब्दीमा निर्माण भएको मेल खान आएको छ । त्यसैले काष्ठमण्डपको स्थापना सातौँ शताब्दीमा भएको भन्न सकिन्छ । तर यससँग सम्बन्धी किंवदन्ती सोही बेलादेखि वा यसभन्दापछि विकसित भएको हो सोबारे यकिन रूपमा भन्न गाह्रो छ । हालै काष्ठमण्डपको एउटा स्तम्भको मेथ कार्बन डेटिङबाट पाँचौँ शताब्दीको भएको प्रमाणित गरिएको छ । यसबाट काष्ठमण्डप पाँचौँ शताब्दीमा नै बनेको र सातौँ शताब्दीमा जगैदेखि पुनर्निर्माण गरेको देखिन्छ । सायद सातौँ शताब्दीमा काष्ठमण्डपलाई फराकिलो क्षेत्रमा स्तम्भहरू थपेर निर्माण गरेको पनि हुन सक्दछ । सातौँ शताब्दीमा काष्ठमण्डप बनाउँदा यसको वास्तु कस्तो थियो भन्ने विषयमा दस्तावेजको अभाव छ । हाल काष्ठमण्डपको वास्तु स्थापनाकालको वा पछि परिमार्जन भएको हो सोबारे पनि कुनै दस्तावेजहरूमा तथ्यपूर्ण जानकारी पाइएका छैनन् । स्थापनाकालदेखि हालसम्म पनि सोही संरचना हो भन्न पनि मुस्किल छ । सातौँ शताब्दीदेखि हालसम्मको अवधिमा विभिन्न संरचनाहरू थपघट भएको वा पुनर्निर्माण वा जीर्णोद्वार पनि भएको हुन सक्दछ । उत्खनन्का क्रममा २ सय वर्षभित्र पुनःनिर्माण गरिएको प्रमाणित भएको नवौँ दशौँ शताब्दीतिर यो सत्तल पुनः निर्माण भएको देखाउँदछ । काष्ठमण्डपको संरचनामा थपघट भए पनि काठमाडौँ उपत्यकाका प्रमुख सत्तलहरूमध्ये एक महत्त्वपूर्ण र प्रसिद्ध सत्तलको रूपमा यसलाई लिन सकिन्छ ।

---

[11]उही पृ. ३८–३९ ।

[12]उही परिशिष्टपृ.।

[13]काष्ठमण्डप पुनर्निमाण अभियानका सचिव तथा पत्रकार कुमार रञ्जितसँग कुराकानीको आधारमा।

[14]R.A.E. Coningham, and others.'Preliminary Results of Post-disaster Archaeological Investigations at the Kasthamandap and within Hanuman Dhoka, Kathmandu Valley UNESCO World Heritage Property (Nepal). pp. 28-51'. *Ancient Nepal*. 2016. No. 191-192. pp. 32-34.

[15]K.P. Jayaswal, *Chronology and History of Nepal*, Patna: M.N. Barman & Co., 1937. P. 82.

वि. सं. २०७४ सालमा स्थानीय निर्वाचन भयो । काठमाडौँ महानगरपालिकाका प्रमुखमा विद्यासुन्दर शाक्य र काष्ठमण्डप रहेको प्रदेश सभाको क्षेत्र नं ८ (क) मा राजेश शाक्य निर्वाचित भएपछि काठमाडौँ महानगरपालिकाकै सहयोगमा माननीय राजेश शाक्यको अध्यक्षतामा २०७५ साल बैशाख १८ गते काष्ठमण्डप पुनर्निर्माण समिति गठन गरियो । सो गठन भैसकेपछि काष्ठमण्डप पुनर्निर्माणको काम शुरूवात् भई वि. सं. २०७८ सालमा काष्ठमण्डप पुनर्निमाण सम्पन्न हुन लागेको अन्तिम चरणतिर गोरखनाथ र चार गणेश कार्यविनायक, रक्तविनायक, सूर्यविनायक र जलविनायकका नयाँ प्रतिमाहरू स्थापना गरेपछि विवाद हुन थाल्यो ।

**काष्ठमण्डपमा अवस्थित प्रतिमाहरूको विवाद :**

२०७८ साल मङ्सीर ३ गते प्रमुख प्रतिपक्षी दलका नेता खड्ग प्रसाद ओलीले काष्ठमण्डप पुनर्निर्माण भएको अवलोकन गरे । भोलिपल्ट ११ बजे र २ मिनेटमा वरिष्ठ टेलिभिजनकर्मी भूषण दाहालले “काष्ठमण्डप पुनर्निमाण सम्पन्न भएर उद्घाटनको तयारी हुँदैछ भन्ने सुनेर खुशी राम्ररी व्यक्त गर्न नपाउँदै गोरखनाथको सक्कली मूर्तिलाई नयाँ नक्कली प्रतिमाले प्रतिस्थापन गरिएको जानकारीले स्तब्ध बनायो, यो कार्य रोकिनु पर्दछ” भनी ट्वीट गरे । उनले ट्वीट् गरेपछि स्थानीय सम्पदाप्रेमी भन्ने गरिएका युवाहरूले पनि काष्ठमण्डपमा नयाँ मूर्तिहरूका स्थापना गर्ने विषयमा विरोध गर्न थाले । वि.सं. २०७८ साल मङ्सीर १३ गते अधिवक्ता संजय अधिकारीको नेतृत्वमा अधिवक्ता श्रद्धा सुमन गरुवाचार्य, अधिवक्ता अनुपम विष्ट, नितिज्ञा ओली र बिन्दा कुमारी थापाहरूले राष्ट्रपति, प्रधानमन्त्री, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री, प्रतिनिधिसभा अन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध समिति, पुरातत्व विभाग आदिलाई दिएको ज्ञापनपत्रमा :–

*मिति २०७८।०८।०४ गते काष्ठमण्डप पुनर्निर्माण सम्पन्न भएर उद्धघाटनको तयारी हुँदैछ सुनेर खुशी राम्ररी व्यक्त गर्न नपाउँदै गोरखनाथको सक्कली मूर्तीलाई नयाँ नक्कली प्रतिमाले प्रतिस्थापन गरिएको जानकारीले स्तब्ध बनायो, यो कार्य रोकिनु पर्दछ भनी वरिष्ठ पत्रकार भुषण दाहालले ट्वीट गरे पछि प्राचीन गोरखनाथको मूर्तीलाई परिवर्तन गरी नयाँ मूर्ती राखीएको जानकारी प्राप्त भयो । प्राचीन स्मारक संरक्षण ऐन २०१३ को दफा ३ (ख)ले सार्वजनिक प्राचीन स्मारकको स्वामित्व पुरातत्व विभागमा रहेनछ । त्यस्ता सार्वजनिक स्मारकको स्वामित्व पुरातत्व विभागमा रहने छ । त्यस्त सार्वजनिक प्राचीन स्मारकको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागले गर्ने छ र दफा ३ (घ)ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारक स्थल तथा पुरातात्विक स्थलहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागले गर्ने छ भनी कानूनी दायित्व पुरातत्व विभागमा रहेकोले सो बारे नेपालको संविधानको धारा २७ ले सुनिश्चित गरेको सूचनाको हक प्रयोग गरी गोरखनाथ तथा चार गणेश परिवर्तन गर्न स्वीकृति प्रदान गरिएको छ वा छैन भनी पुरातत्व विभाग र हनुमानढोका दरबार हेरचाह अड्डालाई जानकारी माग गर्दा सो सम्बन्धमा कुनै माग भई नआएको र स्वीकृति समेत प्रदान नगरीएको जानकारी प्राप्त भएको छ । साथै माननिय राजेश शाक्यज्यूले सामाजिक सञ्जालमा नेपाली धार्मिक समाजमा खण्डित मूर्ति बनाई प्रतिस्थापन गरेको हो .... पशुपति नाथको गोरखनाथ मथका महनत सल्लाह गरि उहाँकै नरीक्षणमा नयाँ मूर्ती बनाइएको भन्ने जानकारी प्राप्त भयो । विध सम्पदा तथा संरक्षित क्षेत्र जस्तो संवेदनशिल ठाउँमा कानुनबाट अधिकार प्राप्त निकायको स्वीकृति वेगर गरीएको कार्य स्वेच्छाचारी तथा गैह्र कानुनी रहेको हाम्रो बुझाइ छ । साथै केहि हदसम्म पशुपतिनाथ तथा बुढानिलकण्ठको मूर्ति समेत खण्डित भए पनि पुजा भई रहेको स्मरण गराउन चाहन्छौँ । .......काष्ठमण्डप पुनर्निमाण कमिटिका अध्यक्ष राजेश शाक्यका अनुसार “टुटेफुटेका मूर्तिको पूजा गर्न नहुने भएकोले वि.सं. २०७४ साल श्रावण २७ गते काष्ठमण्डप पुनर्निर्माणको इष्टिमेटमा गोरखनाथ र चार गणेशको प्रतिमाहरू पुनः प्रतिस्थापन गर्नको लागि रु. १५,००,०००/– (पन्ध्र लाख रुपैयाँ मात्र) गरेको, सोही बमोजियम २०७५–७६ सालमा गरिएको सार्वजनिक सुनुवाईमा नयाँ मूर्ती स्थापना गर्ने विषयमा स्थानीयबाट स्वीकृति भएको, सो स्वीकृतिपछि कमिटिबाट निर्णय गरिएको, पुनः सार्वजनिक सुनुवाई हुँदा स्थानीयहरू सहमत भएको, सो सहमत भएपछि विज्ञ समूहमा छलफल भई सहमति भएको हो । पशुपतिनाथ गोरखनाथ मठका कानफट्टा श्रीषनाथले पनि खण्डित मूर्तिमा पूजा गर्न नहुने र नयाँ मूर्ति सथापना गर्नु पर्ने मौखिक जानकारी पाइसकेपछि पाटनका कलाकार नरेश महर्जनद्वारा बनाउन लगाई स्थापना गरेको” बताएका छन् ।*

*........अनधिकृतरूपमा विधिको शासन प्रतिकुल हुने, विध साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि १९७२ नेपालको संविधानको धारा २७,३२ र प्राचीन स्मारक संरक्षण ऐन २०१३ लाई नै प्रभावहीन हुने साथै अन्तरपुस्ता समन्याय साथै संरक्षणको सर्वमान्य सिद्धान्त प्रतिकुल हुने गरी गोरखनाथको मुर्ती परिवर्तन गरीएको र चार गणेशलाई वेवारिसे अवस्थामा राखिएको गैहकानूनी कार्यलाई यहाँहरूले आफ्नो पदिय दायित्व तथा कानूनले प्रदान गरेको दायित्वलाई बोध गरी पुरानो प्राचीन मुर्तीलाई काष्ठमण्डपमा स्थापना गराउनु हुनेछ भन्ने अपेक्षा गर्दछु । यहाँहरू मौन रहि कुनै कार्य नगरेमा विधिको शासन तथा विध सम्पदाको संरक्षार्थ अन्य कानूनी उपचार खोजन हामी बाध्य हुने कुरा समेत यहाँहरूलाई जानकारी गराउँदछौँ।*

यसरी अधिवक्ता सञ्जय अधिकारीले पुरानै प्रतिमाको पुनःस्थापना गर्न माग गर्दै रिट दायर गरेका थिए। सर्वोच्च अदालतले पनि नयाँ प्रतिमा राख्न अन्तरिम आदेश दिंदै प्रतिवादीको नाममा कारण देखाउ नोटिस जारी गरेको थियो । सञ्जय अधिकारीका अनुसार पुराना मूर्तिहरूमात्रै पुनस्थापना गर्न सकिन्थ्यो । काष्ठमण्डपमा रहेका पुराना मूर्तिहरू विस्थापित भएको र स्थानीयको पहुँच बाहिर रहेको हनूमान्ढोका दरबारको एउटा कोठामा तालाबन्दी गरिएको छ । मूर्तिमा आस्था राख्ने धर्मावलम्बी र स्थानीयको पूजा गर्ने मौलिक अधिकार खोसिएको छ।[16] यसरी मूर्तिहरूका विषयमा विवाद भएर सर्वोच्च अदालतमा समेत रिट दायर गरिएको अवस्था छ। त्यस विषयमा हालसम्म कुनै निर्णय भएको छैन।

**शास्त्रमा खण्डित प्रतिमा :**

*अग्निपुराण*अनुसार जीर्ण, अङ्गहीन, भग्न, तथा विशेष चिन्हरहित प्रतिमालाई परित्याग गर्नू। त्यसको सट्टा सोही स्थानमा नयाँ स्थीर मूर्ति जीवन्यास गर्नू । संहारविधिबाट सम्पूर्ण तत्वहरूलाई संहार गर्नू, गुरु नृसिंह–मन्त्रको हजार आहुति गरेर मूर्तिलाई उखाल्नू । फेरि काठको मूर्ति अग्निमा जलाउनू, ढुङ्गाको मूर्ति जलमा फालिदिनू, धातुको मूर्ति समुद्रमा विसर्जन गर्नू । जीर्ण मूर्तिको कुनै यानमा राखेर वस्त्र आदिले विभूषित गरी बाजागाजाका साथ जलमा छोड्नू। आचार्यलाई दक्षिणा दिई त्यही दिन पहिलाको प्रतिमाको प्रमाण तथा द्रव्यअनुसार उही प्रमाणअनुसार मूर्ति स्थापना गर्नू । यसरी कूप, वापी र तडाग आदिका जीर्णोद्वार गर्नाले ठूलो फल प्राप्त हुने उल्लेख छ।[17]*देवताप्रतिमाप्रकरणम्*मा खण्डित मूर्तिहरू स्थापना गर्नाले दुःख हुने उल्लेख छ।[18]*रूपमण्डन*मा खण्डित मूर्ति पूजा गर्नाले दुःख हुने, धातु रत्न आदि मूर्ति संस्कार गर्न योग्य भएको, काठ, ढुङ्गाको भग्न देवतालाई संस्कार नगर्नू, देवताको बढी र घटी अङ्ग नबनाउनू र काठको प्रतिमा घरमा पूजा गर्नाले परिवाररहित हुने उल्लेख छ।[19] सोही ग्रन्थमा अङ्ग–प्रत्यङ्ग भग्न भएका मूर्तिलाई विसर्जन गर्नू। गरगहना र वस्त्र भग्न भए पनि विसर्जन नगर्नु उल्लेख छ

---

[16]NasanaBajracharya. 'What the New Debate in Kasthamandap Reconstruction Means to Kathmandu Heritage'. *Online Khabar*. 20th Jan. 2022. Access on 21 June 2022. https://english.onlinekhabar.com/kasthamandap-statue-debate.html

[17]*अग्निपुराण* ६७।१–६

जीर्णोद्धारविधि वक्ष्ये भूपितां स्नपयेद् गुरुः। अचलां विन्यसेद गेहे अतिजीर्णां परित्येजेत्॥ १ ॥
व्यङ्गां भग्नाञ्च शैलाढ्यां न्यसेदव्याञ्च पूर्ववत्। संहारविधिना तत्र तत्वात् संहत्य देशिकः॥ २ ॥
सहस्रं नारसिंहेन हत्वा तामुद्धरेद् गुरुः। दार्खी दारयेद् वहौ शैलजां प्रक्षिपेज्नले॥ ३ ॥
धातुजां रत्नजों वापि अगाधे वा जलेऽम्बुधौ। यानमारोप्य जीर्णाङ्गां छाद्य वस्त्रादिना नयेत्॥ ४ ॥
वालिन्नैप्रक्षिपेत्तोये गुरवे दक्षिणां ददेत्। यत् प्रमाणाच यद्रव्या तन्मानां स्थापयेद्दिने। कूपवापीतडागाादेजीर्णोद्धार महाफलम्॥ ५॥

[18]*देवताप्रतिमाप्रकणम्* १।२४

अतीताव्दशता या स्यान्मूर्तिः स्थाप्या महत्तमैः। खण्डिता स्फुटिताप्यन्र्चा अन्यथा दुःखदायिका॥ २४॥

[19]*रूपमण्डन* १।११–१२ र १४–१५

अतीतब्दः शता मूर्तिः पूज्या स्यान्महत्तमैः। खण्डिता स्फुटिताऽप्यन्र्चा अन्यथा दुःखदायकाः॥ ११ ॥
धातुरत्नविलेपोत्था व्यङ्गाः संकारयोग्यकाः। काष्ठपाषाणजा भग्नाः संस्काराहा न देवताः॥ १२ ॥
नाधिकाङ्गा न हीनाङ्गाः कर्त्तव्या देवताः क्वचित्॥ १४ ॥
प्रतिमाकाष्ठलेपानुमदन्तचित्रायसां गृहे। मानाधिका परीवाररहिता नैव पूज्यते॥ १५ ॥

।[20]*प्रतिमामानलक्षणम्*मा आगोले जीर्ण, भग्न, टुटेफुटेको मूर्ति स्थापना गर्नाले सधैँ दोष रहन्छ । आगोले खाएको मूर्तिले वृष्टि नहुने, जीर्ण मूर्तिले धन क्षय हुने, भग्न मूर्तिले कूलमा नाश, टुटेफुटेको मूर्तिले युद्ध हुन्छ । प्रतिमा लिङ्ग, देवी अथवा मातृकाहरूको मूर्तिलाई विधिपूर्वक चाँडै उद्घाटन गर्नू । फूल, अर्घ, तथा धूप नैवेद्य बलि दिई वस्त्र लिएर होम गर्नू । वेदमन्त्र पाठ गरेर बाहुनद्वारा जल छर्केर शान्ति गर्नू । नयाँ डोरी वा मुंज (घाँस)को डोरी वा रेशमी कपडाको डोरी वा आलसको कपडाको डोरी साँढेको जुरोमा बाँधेर पुरानो देवताको मूर्तिबाट तानेर विधि गर्नू । आगोले खाएको, जीर्ण भएको, टुटे फुटेको, मूर्ति स्थापना गरेमा, रहेमा सधैँ दोष आइरहन्छ । यस किसिमको दोषयुक्त मूर्ति प्रस्तरको भएमा नदीको सङ्गममा लगेर डुबाउनु, यदि मूर्ति सुन, चाँदी, तामा वा देवता प्रतिस्थापन हुने स्थान धातुबाट बनेको भएमा पुनः गालेर धातुमै परिणत गराउनु, यदि काठको मूर्ति भएमा नयाँ कपडामा बेरेर घ्यू र महले दलेर प्रज्ज्वलित आगोमा राखी दिनू, मृण्मयी मूर्ति रहेछ भने मूर्तिको उचाई अनुसारको खाडल खनेर पुरिदिनु उल्लेख छ। मूर्ति वा लिङ्ग छिट्टै स्थापना गर्नू । सबै लक्षणले युक्त भएको विधिले स्थापना गर्नू । ब्राह्मणहरू, बालक र वृद्ध मानिसहरूको कल्याणको लागि राजाको पनि जप गर्नू । अनाज (अन्न)को पनि वृद्धि हुन्छ । जुन महापुरुषले मूर्तिको जीर्णोद्धार गर्छ, ऊ एक करोड वर्षसम्म स्वर्गमा बस्छ ।[21]*क्रियासंग्रह*अनुसार गाउँ, शहर वा विहारहरूमा स्थापना गरिएका चैत्य, प्रतिमा, पटचित्र, र अरु वस्तुहरू कुहिएमा वा आगोले खाएमा वा क्षतिग्रस्त भएमा, ती स्थानहरूमा बस्ने मानिसहरूको धनजनको क्षति हुने, अनिकाल हुने र हिंसा हुने हुन्छ । त्यसैले ती वस्तुहरूको जीर्णोद्धार गर्न आवश्यक छ । गुरुले ती समाधिको योग ग्रहण गरी ती वस्तुहरूमा अर्घ, पुष्प, धूप, गन्ध, बत्ती, नैवेद्य र अरु वस्तुद्वारा अर्पण गरेर जीर्णोद्धारक्रिया गरेर श्लोकहरू वाचन गर्नुपर्छ । यदि ढुङ्गाबाट बनेको चैत्य वा अरु वस्तुहरू पूर्ण रूपमा जीर्ण वा नष्ट भएमा नदीको संगम वा अन्य कुनै ठाउँमा फाल्नुपर्छ । यदि चैत्य वा अरु वस्तु माटोको भए फालेर पुनः बनाउनुपर्छ । काठबाट बनेको कुनै पनि वस्तु जीर्ण वा नष्ट भएमा घ्यूले भिजाएको कपडामा बेरेर अग्निहोम गर्नुपर्छ । यदि तामा वा अन्य धातुहरूबाट बनेका वस्तुहरू छन् भने तिनीहरूलाई पुनः पगालेर मूल आकारभन्दा सानो बनाउनु हुँदैन । एक पटक चैत्य वा अरु वस्तुहरू जीर्णोद्धार गरेपछि गुरुद्वारा देवताहरूलाई पुनः स्थापना गर्नु पर्छ । त्यसपछि जीर्णोद्धार विधिद्वारा पूजा गर्नुपर्छ ।[22] यसरी पुराण, प्रतिमालक्षणका शास्त्र र बौद्ध ग्रन्थ क्रियासंग्रहअनुसार कुनै पनि प्रतिमाहरू आगोले खाएमा, जीर्ण भएमा, टुटे फुटेमा र पूर्ण रूपमा क्षति भएमा विभिन्न दोष लाग्ने उल्लेख छ । त्यसैले प्रतिमाको वस्तुअनुसार जीर्णोद्धारविधि गरेर पुनः प्रतिमा स्थापना गर्नु पर्ने पनि उल्लेख छ ।

---

[20]*रूपमण्डन* २।१

अङ्गप्रत्यङ्गभग्नां तु मूर्तिं धीमान् विसर्जयेत् । नखाभरणमालास्त्रभग्नां तां न विसर्जयेत् ॥

[21]*प्रतिमालक्षणम्* १।१३१–१४३

दग्धा जीर्णा च भग्ना च स्फुटिता चापि देवता । स्थिता वा स्थाप्यमाना वा सदा दोषकरा भवेत् ॥ १३१ ॥
दग्धामर्चा अनावृष्टिजीर्णामर्चा धनक्षयम् । भग्नामर्चा कुले नाशं स्फुटितां युद्धमादिशेत् ॥१३२ ॥
अर्चा वा यदि वा लिङ्ग देवी मातृगणस्तथा । शीघ्रमुङ्घाटयेदेव विधिदृष्टेन कर्मणा ॥ १३३ ॥
पुष्पार्घञ्च तथा धूपं नैवेद्यबलिमेव च । दत्तवा च वाससी चैव होमकर्मसमन्वितः ॥ १३४ ॥
विप्रत्हन शान्त्युदकं चैव वेदमन्त्रेण कारयेत् । बालरज्जुस्तथा मौञ्जी दूकूलक्षोमकस्तथा ॥ १३५ ॥
विधिरेव समुद्दिष्टो रज्जुश्चात्रं विधीयते । वृषस्य ककुदि बद्धा आकर्षेज्जीर्णदेवताम् ॥ १३६ ॥
शिलामयी भवेदर्चा तीर्थे बहूदकेषु च । नदीसङ्गमसंस्थाने तस्मिञ्चैव तु निपक्षपेत् ॥ १३७ ॥
सौवर्णी रजतं चैव ताम्रं चैत्यमयीमपि द्रावयेदग्निना सर्वे यदीच्छेच्देयमात्मानि ॥ १३८ ॥
दारुमयी भवेलर्चा नववस्त्रेण वेष्टयेत् । धृतेन मधुना स्निग्धं दीप्तमग्नी प्रदापयेत् ॥ १३९ ॥
पार्थिवो च भवेदर्चा यदिन स्यान्मम्मयीमपि । भूखनित्वा शिरोमात्रे न्यसेत्तास्मिन् प्रपूरयेत् ॥ १४० ॥
अर्चा वा यदि वा लिङ्ग पुनः शीघ्रन्तु स्थायित् । सर्वलषणसम्पन्ना विधिदृष्टेन स्थापय्त् ॥ १४१ ॥
द्विजानां बालवृद्धानां मानुषाणां शुभाय च । राजा जयमबान्पीति शस्यवृद्धिकरं भवेत् ॥ १४२ ॥
जीर्णोद्धारणमर्चानां कृतं येन महात्मना । युगकोटिशतसाहस्त्रं देवलोकेमहीयते ॥ १४३ ॥

[22]Tadeusz Skorupski. *Kriyasamgraha*. Uk: The Institute of Buddhist Studies. 2002. pp. 171-172.

**नयाँ मूर्ति पुनस्थापना गर्ने परम्परा :**

कुनै पनि प्रतिस्थापन भएका मूर्ति बिग्रेको अवस्थामा सो मूर्तिको जीवन्यास निकालेर मर्मत गरेर पुनः जीवन्यास राखेर प्रतिमामा विधि विधानअनुसार पूजा गर्ने परम्परा छ। कुनै पनि देवताको बिग्रेको अवस्थामा, कुनै प्रतिमा वर्षको एक पटक र कुनै देवता १२ वर्षको एकपटक जीवन्यास निकालेर मर्मत गरेर विधि विधानअनुसार पूजा गर्ने परम्परा हालसम्म पनि छँदैछ। कुनै व्यक्ति वा समूहको इच्छा भएमा मूर्ति राम्रै अवस्थामा रहे पनि नयाँ प्रतिमा प्रतिस्थापन गर्ने प्रचलन पनि रहेको छ। व्यक्ति वा समूहको आर्थिक अवस्थाअनुसार सुन, चाँदी, ताम्र, ढलोट, ढुङ्गा वा काठका आदिका प्रतिमाहरू प्रतिस्थापन गर्दै आएका छन्। यसरी पुरानो प्रतिमा हुँदाहुँदै नयाँ प्रतिमा प्रतिस्थापन गर्दा कतै पुरानो प्रतिमालाई नयाँ मूर्तिको पछाडि राख्ने, कतै भण्डारमा राख्ने परम्परा छ। यसरी पुरानो ठाउँमा नयाँ प्रतिमा प्रतिस्थापन गरेपछि प्रतिमाको फलकमा के कारणले पुरानो प्रतिमा हुँदाहुँदै नयाँ प्रतिमा पुनस्थापना गरेको, दाताहरूको नाम, राजाको नाम, साल, तिथि, आदिको पूर्ण विवरण कुँदिने परम्परा छ।

**विश्लेषण :**

काष्ठमण्डप २०२२ सालको जीर्णोद्वारपछि यत्रतत्र फालिएका मूर्तिहरूको संग्रह गर्दा काष्ठमण्डपमा गोरखनाथ, दुई वटा काठका भैरब, कार्यविनायक, रक्तविनायक, सूर्यविनायक र जलविनायक, दुई हाथुद्यः, अमोघपाशलोकेश्वर, शिव, गणेश, सरस्वती, महाकाल, शिवपार्वती, आर्यतारा र विष्णुका प्रतिमाहरू गरेर १७ वटा प्रतिमाहरू र ९ वटा ताम्रपत्रहरू पनि थियो। तर वि.सं. २०७२ सालको भूकम्पपश्चात् गोरखनाथ, कार्यविनायक, रक्तविनायक, सूर्यविनायक, जल विनायक र एक हाथुद्यः मात्र बाँकी छन्। अरु एघारवटा प्रतिमाहरू र नौवटा ताम्रपत्रहरू हराइसकेका छन्। ती प्रतिमाहरू र ताम्रपत्रहरूका विषयमा आधिकारिक निकाय पुरातत्त्व विभागका पदाधिकारीहरूले कुनै ध्यान दिएको देखिंदैन। स्थानीय वासिन्दालाई गोरखनाथ, कार्यविनायक, रक्तविनायक, सूर्यविनायक र जल विनायकको मात्र जानकारी छन्। ती मूर्तिहरू हाल हनूमान्ढोका दरबारभित्र संरक्षित छन्। त्यसमध्ये हाथुद्यः एक हनूमान्ढोका दरबारको संग्रहालयमा प्रदर्शनमा रहेको छ। बाँकी मूर्तिहरूको विषयमा हाल पुरातत्व विभागका पदाधिकारीहरू र स्थानीय वासिन्दालाई कुनै जानकारी छैन र चासो राखेको पनि पाइएन। हाल गोरखनाथ र चार गणेशको मात्र विवाद भैरहेको छ। सम्पदाप्रेमीहरूले पाँचवटा प्रतिमाको मात्र विवाद गर्ने अरु प्रतिमाहरू र ताम्रपत्रहरूको जानकारी नै नभएको पाइयो। सम्पदाप्रेमीहरूका भनाइअनुसार पूजा गर्दै आएका प्रतिमाहरू संग्रहालयमा प्रर्दशनीमा राख्न नहुने तर्क राखेका छन्। तर सम्पदाप्रेमीहरूलाई काष्ठमण्डपकै हाथुद्यः हनुमानढोका संग्रहालयमा प्रदर्शनमा रहेको जानकारी रहेनछ। काठमाडौँ नरदेवीको दिपंकर बुद्धको प्रतिमा हरेक वर्ष श्रावणकृष्णत्रयोदशीका दिन अर्थात् पञ्जराँ पर्वका दिनका लागि मात्र राष्ट्रिय संग्रहालय छाउनीबाट ल्याएर पूजा गर्ने र सम्पन्न भैसकेपछि पुनः संग्रहालयमै प्रदर्शनमा राख्ने गरेको सोही प्रतिमाको क्याप्सनसहित प्रदर्शनमा राखिएको छ। त्यसकारण सम्पदाप्रेमीहरूले भने जस्तो पूजा गरिँदै आएको प्रतिमालाई संग्रहालयमा प्रदर्शनमा राख्न नहुने भन्ने गरेको तर्कसित मेल नखाने पुरातत्त्व विभागआफैँलेप्रदर्शनमा राखेका छन्।

हनूमान्ढोकादरबारमा सुरक्षित गरेर राखिएका गोरखनाथको प्रतिमा जीउ र पाउ दुई टुक्रा भएको अरु चार गणेशका मूर्तिहरूमा कुनैमा हात नभएको, कुनै चोइटिएको, कुनै टुक्रा टुक्रा भएको थियो। ती क्षत् विक्षत् भएका मूर्तिहरूलाई तात्कालिक हनूमान्ढोका दरबार हेरचाह अड्डाका प्रमुख अरुणा नकर्मीले आफ्नो निर्देशनमा २०७४ सालमा गृहमान सिंह श्रेष्ठको टोलीले रसायन संरक्षण विधिद्वारा जोड्ने काम गरेको बताएकी छिन्  तर ती प्रतिमाहरू मर्मत गर्नुभन्दा पहिला जीवन्यास निकालेर मात्र मर्मत गर्नुपर्ने परम्परालाई तोडेको पाइयो। नकर्मीका अनुसार क्षत् विक्षत् भएका प्रतिमाहरूमा जीवन्यास निकाल्नु नपर्ने तर्क राख्छिन्।[23] तर खण्डित प्रतिमाहरूबाट जीवन्यास निकाली मर्मत गरेपछि वा नयाँ प्रतिमा सोही निकालिएको जीवन्यास नै प्रतिस्थापन गर्ने परम्परा रहेको छ।

[23]तात्कालिक हनुमानढोका दरबार हेरचाह अड्डाकी प्रमुख अरुणा नकर्मीसँग टेलिफोन वार्तालाप ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारकस्थल तथा पुरातात्विक स्थलहरूको संरक्षण, मर्मत तथा जीर्णोद्धार पुरातत्व विभागले गर्ने नियम भएता पनि कतिपय स्थानहरूमा पुरातत्त्व विभाग आफैंलेसो नियमलाई मानिरहेको छैन। उदाहरणका रूपमा काठमाडौँ महानगरपालिकाले काठमाडौँको जनबहालको भित्री भाग सबै आधुनिक बनाएकोमा बाहिरी स्वरूप मात्र पुरानो शैलीको स्वरूपमा आधुनिक प्रविधि प्रयोग गरेर बनाए पनि पुरातत्त्व विभाग मौन रहेको पाइन्छ।

पशुपतिनाथ तथा बूढानीलकण्ठको मूर्तिसमेत खण्डित भए पनि पूजा गरिँदै आइरहेको तर्क सम्पदाप्रेमीहरूले दिने गरेको पाइन्छ। पशुपतिनाथ र बूढानीलकण्ठका प्रतिमाहरूमात्र नभई थुप्रै खण्डित र रूप नभएका प्रतिमाहरूमा पूजा आजा गर्दै आइरहेको सत्य हो तर ती प्रतिमाहरूको जीवन्यास निकालेर नयाँ प्रतिमा पुनस्थापना गर्ने कुनै दाता वा संस्थाले इच्छा नदेखाएकाले हालसम्म पनि खण्डित र रूप नभएका प्रतिमाहरूमा पूजाआजा भइरहेका छन्। भक्तजनहरूलाई खण्डित वा रूप नभएका प्रतिमाहरूमा पूजा गर्न नहुने शास्त्रीय ज्ञान नभएका कारण यस्ता प्रतिमाहरूले स्थायीत्व पाइरहेका छन्। ने सं. ४७० मा भारतीय भूमि हुँदै आएका सुल्तान शमशुद्दिनले तीन टुक्रा हुने गरी काटेको पशुपतिनाथको शिवलिङ्ग हटाएर ११ वर्षपछि वि.सं. १४२९ मा बनेपाका महामन्त्री जयसिंहरामले नयाँ शिवलिङ्ग पुनस्थापना गरेको[24], सोही शिवलिङ्गलाई हालसम्म पूजा आजा गर्दै आइरहेका छन्। यसबाट पनि स्पष्ट हुन्छ कि टुटे–फुटेको शिवलिङ्गलाई हटाएर नयाँ प्रतिमा पुनस्थापना गर्ने गरेको परम्परा भएको देखाउँदछ।

सम्पदाप्रेमीहरुले पुरातत्व विभाग र हनुमानढोका दरबार हेरचाह अड्डासँग स्वीकृति समेत नलिएको भन्ने तर्क पनि राखेको पाइन्छ तर २०७४ साल श्रावण २७ गतेका दिन पुरातत्त्व विभागले काष्ठमण्डप पुनर्निमाणको इष्टिमेण्टमा भने गोरखनाथ र चार गणेशको प्रतिमा पुनस्थापना गर्नको लागि रु. १५,००,०००।– (पन्ध्र लाख रुपैयाँ मात्र) छुट्याइएको र हनुमानढोका दरबार हेरचाह अड्डाको पूर्व प्रमुख अरुणा नकर्मी समेत सोही समितिमा पुरातत्त्वविद् भई कार्यरत रहेकोले स्वीकृति बेगर प्रतिमा पुनस्थापना गरेको भन्न सकिन्न।

काष्ठमण्डप कुनै व्यक्ति वा संघसंस्थाको नभई सार्वजनिक सत्तल भएको स्थानीयहरूसँग स्वीकृति लिनु अत्यन्त जरुरी छ। राजेश शाक्यकाअनुसार ०७५–७६ मा सार्वजनिक सुनुवाई कार्यक्रममा नयाँ प्रतिमा प्रतिस्थापना गर्ने विषयमा स्थानीयबाट स्वीकृत पाएपछि समितिका सदस्यहरूबाट निर्णय भएको थियो। त्यसपछि पुनः सार्वजनिक सुनुवाईमा छलफल भएर विज्ञ समूहसँग छलफल गरिएको थियो। पशुपतिका कानफट्टा श्रीषनाथले पनि खण्डित मूर्तिमा पूजा गर्नु हुँदैन भनेर मौखिक सहमति जनाएपछि प्रतिमाहरू पुनस्थापना गर्ने पक्षमा पुगेको बताएका छन्। ती प्रतिमाहरू पाटनका कलाकार नरेश महर्जनले बनाएका थिए।[25] यसरी प्रतिमाहरू निर्माण गरे पनि

काष्ठमण्डप पुनर्निमाण समितिले पनि के कारणले प्रतिमाहरू पुनस्थापना गरेको हो, त्यसको उद्देश्य, तिथि, दाताहरूको विवरणहरू प्रतिमाहरूका फलकमा कुँदिने परम्परालाई भने बेवास्ता गरेको छ। यसरी समितिका सदस्यहरूमा पनि प्रतिमा पुनस्थापना गर्ने परम्परा जान्ने विज्ञहरूसँग सरसल्लाह नलिएको देखिन्छ। समितिमा रहेका विज्ञहरू यस विषयमा अनभिज्ञ रहेको पाइयो। प्रतिमाहरूका विषयमा विवाद हुन थालेपछि विज्ञहरू, सम्बन्धित व्यक्तिहरू, विरोध गरेका सम्पदाप्रेमीहरू र स्थानीयबीच अन्तर्क्रिया नगरेर काष्ठमण्डप पुनर्निमाण समिति पनि चुकेको देखिन्छ।

एक पत्रकारले काष्ठमण्डपमा रहेका प्रतिमाहरूको विषयमा कुनै अध्ययन नगरी ट्वीटरमा ट्वीट गरेर पत्रकारिताको दायित्व ननिभाएको प्रष्ट छ। उनले ट्वीट गरेको आधारमा सम्पदाप्रेमीहरूले पनि विरोध मात्र गरेनन्, सर्वोच्च अदालतसम्म रीट दायर गर्न पुगे। नेपालको इतिहासमा प्रतिमा पुनस्थापना गरेको विषयको मुद्दा सर्वोच्च अदालतसम्म पुगेको यो नै पहिलो घटना हुन सक्दछ

[24]धनवज्र वज्राचार्य, 'शमशुद्दीनको आक्रमण, ६-१३', *पूर्णिमा,* वि.सं. २०२२, पूर्णाङ्क ८, वर्ष २ अङ्क ४, पृ. ११ ।

[25]काष्ठमण्डप पुनर्निमाण समितिका अध्यक्ष राजेश शाक्यसँग प्रत्यक्ष वार्तालाप ।

। सम्पदाप्रेमीहरूमा शास्त्रीय र परम्परागत ज्ञान नभएको प्रमाणित हुन्छ । कुनै अध्ययन नै नगरी एउटा ट्वीटका आधारमा सम्पदाप्रेमीहरू सर्वोच्च अदालतसम्म रीट दायर गर्न पुग्नु विडम्वना नै हो ।

भूकम्पबाट क्षतिग्रस्त स्मारकहरुको पुनर्निर्माण एवं जीर्णोद्धार गर्न एउटा छुट्टै निर्देशिकाको आवश्यकता महशुस गरेर नेपाल सरकारअन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभागले विशेषज्ञहरुको सुझाव एवं सल्लाहमा भूकम्पले क्षति पुर्याएका सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माणसम्बन्धी आधारभूत निर्देशिका–२०७२ बनाएर लागू गरेको छ । उक्त निर्देशिकामा "निर्माण प्रविधि तथा कला सिर्जना गर्ने प्रविधि आफैँमा अमूर्त सांस्कृतिक सम्पदाको एक महत्वपूर्ण विधा भएकाले यसलाई भूकम्प प्रतिरोधी संरचना पुनर्निर्माण एवं जीर्णोद्धारको नाममा फेरबदल गर्न सकिंदैन । संरक्षणको उद्देश्य परम्परागत निर्माण प्रविधिलाई निरन्तरता दिनु पनि हो"[26] उल्लेख गरिएको छ । यसबाट एकातिर प्रतिमाहरू नयाँ प्रतिमाहरू पुनस्थापना गर्न नमिल्ने देखिन्छ । तर पुरात्त्व विभागले गरेको काष्ठमण्डपको इष्टिमेटमा प्रतिमाहरूको पुनस्थापनाको लागि किन १५ लाख रुपैयाँ छुट्ट्याइयो । यसको उत्तर पुरातत्त्वले दिनु पर्दछ । अर्कोतिर परम्परागत निर्माण प्रविधिलाई निरन्तरता दिनु उल्लेख हुनुले खण्डित प्रतिमाको पूजा गर्न नहुने शास्त्रीय परम्परा र व्यवहारिक परम्पराअनुसार नयाँ प्रतिमा पुनस्थापना गर्न सकिन्छ । यसरी पुरातत्त्व विभागको निर्देशिकासित टुटे–फुटेका प्रतिमाको विषयमा कुरा बाझिएको देखिन्छ ।

उक्त निर्देशिकाको बुँदा १३ मा "स्थानीय जनता नै स्मारकका अभिभावक हुने भएकाले क्षतिग्रस्त स्मारकहरुको पुनर्निर्माण एवं जीर्णोद्धार सम्बन्धी कार्यका विभिन्न चरणमा उनीहरुको सहभागिता सुनिश्चित गरिनेछ"[27] भन्ने उल्लेख छ । सो निर्देशिका अनुसार प्रतिमाहरूको पुनस्थापना गरेकोमा स्थानीय जनताहरू मौन रहेकोले नयाँ प्रतिमाहरू स्थापना भएको स्थानीयको सहमति भएको देखाउँदछ । सोही निर्देशिकाको ३१ 'घ' मा "हराएका तथा क्षति भई साबिकको बुट्टा वा मूर्तिको प्रमाण प्राप्त हुन नसकेका अवयवहरुको हकमा साविक आकार–प्रकार एवं गुणस्तरको साधा वस्तु राख्नुपर्नेछ, अनुमानको भरमा देवी देवताको मूर्ति वा अन्य आकृति कुँदेर राख्न पाइने छैन"[28] भने उल्लेख छ । यस अनुसार अनुमानको भरमा प्रतिमाहरू पुनस्थापना गरेको नभई भएका प्रतिमाहरूका आधारमा पुनस्थापना गरेको देखिन्छ ।

## निष्कर्ष

कुनै पनि मन्दिर वा कुनै स्थानमा रहेका प्रतिमाहरू जीर्ण भएमा, आगोले खाएमा, टुटुफुटेमा वा पूर्ण रूपमा क्षति भएमा विभिन्न दोष लाग्ने भएकोले ती प्रतिमाको सट्टा नयाँ मूर्ति स्थापना गर्नु पर्ने विभिन्न शास्त्रहरूमा उल्लेख छन् । त्यस्तै गरेर व्यवहारिक रूपमा पनि पुरानो मूर्ति हुँदा हुँदै पनि नयाँ मूर्ति बनाउने परम्परा समाजमा रहँदै आएको छ । तर विधि साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि १९७२, नेपालको संविधानको धारा २७,३२ र प्राचीन स्मारक संरक्षण ऐन २०१३ र पुरातत्त्वको निर्देशिका अनुसार कुनै कारणले सम्पदाको संरचना वा प्रतिमाको पुनर्निर्माण एवं जीर्णोद्धारको नाममा फेरबदल गर्न सकिदैन भन्ने उल्लेख हुनुले आम जनमानसमा नेपालको कानून, पुरातत्त्वको निर्देशिकालाई मान्ने कि परम्परागत शास्त्रीय

---

[26]नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्व विभाग, *भूकम्पले क्षति पु□□याएका सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माण सम्बन्धी आधारभूत निर्देशिका-२०७२'*, ऐन तथा नियम,22 July 2022. p. 3. Access on 30th July 2022. http://doa.gov.np/downloadfile/FINAL_APPROVED_CONSERVATION_GUIDELINES_2072_1467719101_1581327144.pdf

[27]उही पृ. ९ ।

[28]उही पृ. १५ ।

नियमलाई मान्ने हो यो एक छलफलको विषय बन्न गएको छ । यी विषयमा छलफल नहुँदा आज काष्ठमण्डपमा रहेका भूकम्पले टुटेफुटेका प्रतिमाहरूका विषयमा लिएर विवाद सिर्जना भई सर्वोच्च अदालतसम्म पुगेको हो ।

**सन्दर्भग्रन्थ सूची**

*अग्निपुराण*

आचार्य शिवप्रसाद द्विवेदी, *अग्निपुराणम् हिन्दीव्याख्योप्तम्*, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, २००९ ।

आप्टे, वामन शिवराम, *संस्कृत हिन्दी कोश*, द्वितीय संस्करण, दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स, ईश्वी २००७ ।

थापा, रमेश जंग, 'काष्ठमण्डप, पृ. ३३—३६', प्राचीन नेपाल, अङ्क ३, संख्या ८ ।

*देवताप्रतिमाप्रकणम्*

नरेन्द्रचन्द्र वेदान्ततीर्थ (सं), *सूत्रधार मण्डनस्य देवतामूर्तिप्रकरणम् रूपमण्डनश्च*, कलकता : शिवनाथ गंगुली, १९३६ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्त्व विभाग, *भूकम्पले क्षति पुर्याएका सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माण सम्बन्धी आधारभूत निर्देशिका–२०७२', ऐन तथा नियम*,22 July 2022. p. 3. Access on 30th July 2022. http://doa.gov.np/downloadfile/FINAL_APPROVED_CONSERVATION_GUIDELINES_2072_1467719101_1581327144.pdf

पन्त, महेशराज, 'काष्ठमण्डपसँग लीलावज्रको सम्बन्ध छ त, पृ. ९४–९७', *जनैपूर्णिमादेखि रानीपोखरीसम्म*, काठमाडौँः खिलशर्म–राजीवलोचनजोशीस्मारकप्रतिष्ठान, वि.सं. २०७४ ।

*प्रतिमालक्षणम्*

नरेन्द्रचन्द्र वेदान्ततीर्थ (सं), *सूत्रधार मण्डनस्य देवतामूर्तिप्रकरणम् रूपमण्डनश्च*, कलकता : शिवनाथ गंगुली, १९३६ ।

*रूपमण्डन*

नरेन्द्रचन्द्र वेदान्ततीर्थ (सं), *सूत्रधार मण्डनस्य देवतामूर्तिप्रकरणम् रूपमण्डनश्च*, कलकता : शिवनाथ गंगुली, १९३६ ।

वज्राचार्य, धनवज्र, 'शमशुद्दीनको आक्रमण, ६–१३', *पूर्णिमा*, वि.सं. २०२२, पूर्णाङ्क ८, वर्ष २ अङ्क ४ ।

वज्राचार्य, धनवज्र र अरुहरु (सं), *इतिहास–संशोधनको प्रमाण–प्रमेय*, पहिलो भाग ।

Apte, VamanShivaram. *The Practical Sanskrit-English Dictionary*. Delhi: MotilalBanarsidas Publishers. 2004 (1964).

Bajracharya. Nasana. 'What the New Debate in Kasthamandap Reconstruction Means to Kathmandu Heritage'. *Online Khabar*. 20th Jan. 2022. Access on 21 June 2022. https://english.onlinekhabar.com/kasthamandap-statue-debate.html

Coningham, R.A.E. and others. 'Preliminary results of post-disaster archaeological investigations at the Kasthamandap and within Hanuman Dhoka, Kathmandu Valley UNESCO World Heritage Property (Nepal). pp. 28-51'. *Ancient Nepal*. 2016.

Jayaswal, K.P. *Chronology and History of Nepal*, Patna: M.N. Barman & Co., 1937.

Korn, Wolfgang. *The Traditional Architecture of the Kathmandu Valley*. Kathmandu: RatnaPustakBhadar. 1998.

Skorupski, Tadeusz. *Kriyasamgraha*. Uk: The Institute of Buddhist Studies. 2002.

Slusser, Mary Shepherd. *Nepal Mandala A Cultural Study of the Kathmandu Valley*. Kathmandu: Mandala Book Point. 1998.